# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, प्रदेश नं १, नेपाल

सूचना नं ८.९./२०७७/२०७८

मितिः २०७७/१२/१९

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलनका लागि फाराम भर्ने सम्बन्धमा सरोकारवालाहरुको जानकारीका लागि जारी गरिएको अत्यन्त जरुरी सूचना**

प्रस्तुत बिषयमा यस नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कामको लागि यस नगरपालिकाबाट तथ्याङ्क सङ्कलकहरुले सबै वडाका टोल बस्तीहरुमा विवरण संकलन गरिरहनु भएको छ ।उक्त विवरण संकलनका लागि भूमि सम्बन्धि समस्या समाधान आयोगबाट प्रकाशित ३५ दिने सूचनाको म्याद मिति **२०७७/१२/२३ गते सोमबारसम्म** मात्र रहेकाले हालसम्म पनि कोहि कसैको फाराम भर्न छुटेको भए तोकिएका तथ्यांक संकलकसँग सम्पर्क गरी वा आफ्नो वडा कार्यालयमा गई समयमै फाराम भर्नुहुन जानकारी गराइन्छ । तोकिएको मिति भन्दा पछी फाराम संकलन नहुने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

(महेन्द्रकुमार खाम्याहाङ्ग)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं : ०२३-५९७००२/०२३- ४६५५०२
इमेलः arjundharamun@gmail.com/ info@arjundharamu.gov.np
वेभसाइटः www.arjundharamun.gov.np